**सुचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सुचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

**सुचना सार्वजनिक गर्ने निकायको नाम :** शीतोष्ण बागवानी विकास केन्द्र, मार्फा, मुस्ताङ ।

**सुचना सार्वजनिक गरेको अवधि : २०८२ माघ देखि २०८२ चैत्र सम्म**

**निकायको स्वरुप र प्रकृति**

शीतोष्ण बागवानी विकास केन्द्र मार्फा तत्कालिन श्री ५ को सरकारको तेस्रो पञ्चवर्षीय योजना कालमा भारतीय सहयोग नियोग र सरकारको संयुक्त प्रयासमा वि.सं. २०२३ सालमा अर्चाड कम नर्सरीको रुपमा स्थापना भएको हो । मुस्ताङ जिल्ला घरपझोङ गाउँपालिका वार्ड नं. २, मार्फामा स्थापित यस केन्द्रले ५९ वर्षको लामो अबधिमा विभागीय संरचनामा परिवर्तन गर्दा निम्नअनुसार यस केन्द्रको नाम परिवर्तन भएको छ ।

१. अर्चाड कम नर्सरी थाक मार्फा २०२३ साल (५ वर्ष)
२. कृषि फार्म थाक मार्फा २०२९ साल (१३ वर्ष)
३. राष्ट्रिय शीतोष्ण बागवानी अनुसन्धान केन्द्र मार्फा २०४३ साल (८ वर्ष)
४. बागवानी केन्द्र मार्फा २०५२ साल (८ वर्ष)
५. शीतोष्ण बागवानी विकास केन्द्र मार्फा २०६१ साल (हाल सम्म)

सोही संरचना र नाम अनुसार आफ्नो क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ ।

स्थापनाकालमा २१ रोपनी जमिनबाट सुरु भएको यो फार्म २०२९ र २०३४/२०३५ सालमा जग्गा बढाउंदै १७६ रोपनी (१७५ रोपनी मार्फामा र १ रोपनी जोमसोममा) क्षेत्रफलमा फैलिएको थियो, यसै जिल्लाको घाँसा स्थित २०५८ माघ देखि सुरक्षा निकायले प्रयोग गरिरहेको २० रोपनी क्षेत्रफल भएको जग्गा मिति २०८२ असार १३ गते बाट यसै फार्म केन्द्रले पुन प्राप्त गरी दैनिक कृयाकलापहरु सुचारु गरिएको छ।सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ बमोजिम प्राप्त, लोघेकर दामोदरकुण्ड गाँउपालिका वडा नम्वर २ स्थित घमिको ८०१ रोपनी जग्गा प्राप्तिका सम्पुर्ण कार्य मिति २०८२/०७/२१ गते पुरा गरि यसै कार्यलएको सेटलाइट फार्मको रूपमा स्थापना गरिएको छ जसमा स्याउ खेतीको विस्तार गर्नको लागि आवश्यक कार्यहरू हुदैछन।

जिल्ला कृषि विकास कार्यालयको स्थापना (वि.सं.२०३३ साल) हुनु भन्दा अगाडि सम्मको १० वर्षको अबधिमा यस केन्द्रले जिल्लाको फलफूल तथा तरकारीको मौसमी र वेमौसमी खेतीको विकासको साथै अन्य कृषि प्रसार कार्य अन्तर्गगत जिल्लाभर प्राविधिक सेवाटेवा प्रदान गरेको देखिन्छ भने अहिले पनि आफ्नो जनशक्तिले भ्याएसम्म उक्त कार्यलाई निरन्तरता दिईरहेको छ । मुस्ताङको सम्भावित स्याउ क्षेत्रलाई विस्तार गर्न यस केन्द्रले कृषक स्तरमा गुणस्तरीय बेर्ना उपलब्ध गराउँदै आएको छ । केन्द्रको स्थापना पहिला एक सिजनमा मात्र हरियो सागको तरकारी खाने र बाँकी समय सुख्खा तरकारीको उपयोग गर्ने यहाँका बासिन्दाहरु हाल हरियो सागपात र तरकारी (काउली, बन्दा, मुला, गाँजर, रायोसाग) वर्षैभरी र काँक्रो, सिमी, केराउ, जुकिनी, गोलभेडा, ब्रोकाउली, आदि मौसमी (असार देखि मंसिर सम्म) बिक्री तथा उपयोग

गर्दछन । त्यसका लागि यस केन्द्रले सिसाघर, प्लाष्टिक टनेल र गुमोज जस्ता प्रबिधिबाट माघ-फागुनको जाडोमा वेर्ना उत्पादन सुरु गरी कृषकलाई उपलव्ध गराउँदै आएको छ भने यो प्रबिधि कृषकलाई समेत तालिम मार्फत सिकाउने गरिएको छ ।

**निकायको काम, कर्तव्य र अधिकार**

- स्याउ नास्पती, ओखर लगायतका शीतोष्ण फलफूलको जातीय संरक्षण एवं सम्बर्दन गर्ने
- शीतोष्ण फलफूल विकास सम्बन्धी राष्ट्रिय व्यवसायिक नीति तथा योजना तर्जुमा राष्ट्रिय फलफूल विकास केन्द्रलाई पृष्ठपोषण सम्बन्धी कार्य गर्ने
- शीतोष्ण फलफूलका प्रसारण सामग्री उत्पादन तथा वितरण गर्ने
- शीतोष्ण फलफूल उत्पादन तथा विकास सम्बन्धमा उत्पादक कृषकहरुलाई तालिम प्रदान गर्ने
- सम्बन्धीत विषयमा विशेषज्ञ सेवा प्रदान गर्ने
- शीतोष्ण फलफूल विकास सम्बन्धमा नजिकको कृषि अनुसन्धान केन्द्र र कृषि ज्ञान केन्द्रसँग समन्वय एवं सहकार्य गर्ने
- फार्मको उत्पादकत्व एवं आम्दानी बृद्धि गर्न जमिन तथा अन्य पूर्वाधार तथा सुविधाको उपयोग गर्ने
- सम्बन्धीत विषयको समस्या समाधानको लागि स–साना कार्यमुखी अध्ययन परीक्षण सञ्चालन गर्ने
- शीतोष्ण फलफूल विकास सम्बन्धमा राष्ट्रिय स्रोत केन्द्रको रुपमा कार्य गर्ने
- जैविक विविधता संकलन, संरक्षण-सम्बर्द्धन गर्ने
- खेरजाने फलफूलहरुको प्रशोधन गरी बिक्री वितरण गर्ने र कृषकहरुलाई सो सम्बन्धी तालिम दिने ।
- बगैंचा भित्र ताजा तरकारी उत्पादन प्रबिधि प्रदर्शन गरी बगैंचा भित्र अन्तर–वाली प्रबिधिको जानकारी कृषकहरु समक्ष पुर्याउने

**निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण**

| श्रेणी | पद | दरबन्दी | पदपूर्ती | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| रा.प्र.द्वि.प्रा. | ब.बाग.बि.अ. | १ | १ | ० | |
| रा.प्र.तृ.प्रा. | बाग.बि.अ. | २ | १ | १ | |
| | बाली संरक्षण अ. | १ | १ | ० | |
| रा.प.अनं.प्र.प्रा. | प्रा.स. | ४ | ३ | १ | |
| रा.प.अनं.प्र.प्र. | लेखापाल | १ | १ | ० | |
| रा.प.अनं.द्वि.प | खरिदार | १ | ० | १ | |
| श्रेणी विहिन | ह.स.चा | १ | ० | १ | १ जना करार |
| | का.स | ४ | २ | २ | २ जना करार |
| जम्मा | | १५ | ९ | ६ | |

**निकायबाट प्रदान गरिने सेवा, सेवा दिने शाखा र जिम्मेवार अधिकारी, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि र निर्णय गर्ने र उजुरी सुन्ने अधिकारी**

| क्र.स. | सेवाको विवरण | सेवा प्राप्त गर्न सेवाग्राहीले पूरा गर्नु पर्ने प्रक्रिया | आवश्यक कागजात | सेवा बापत लाग्ने शुल्क र समय | | जिम्मेवार कर्मचारी/ शाखा | | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|---|
| | | | | शुल्क/ दस्तुर | समय | अधिकृत स्तर | सहायक स्तर | |
| १. | शीतोष्ण फलफूलका बिरुवा तथा ऋयाब एप्पलको बीउ बिक्री—वितरण | बिक्री कक्षबाट प्राप्त परिमाण अनुसार नगदी रसिद काट्ने | मंसिर १५ गतेभित्र स्थानीय तहको सिफारिस सहित निवेदन | सरकारी दररेट अनुसार | पौष-माघ महिनामा कार्यालय समय भित्र | बागवानी विकास अधिकृतहरु/प्राविधिक शाखा | प्राविधिक सहायकहरु/प्राविधिक शाखा | कार्यालय प्रमुख |
| २. | फार्ममा उत्पादित ताजा फलफूल तथा तरकारी बिक्री—वितरण | " " | आवश्यक छैन | तोकिएको दररेट अनुसार | उपलब्ध भएसम्म र कार्यालय समयभित्र | " " | प्रशासन शाखा | " " |
| ३. | तरकारी बीउ, बेर्ना तथा बीउ आलु बिक्री—वितरण | " " | श्रावण देखि असोज मसान्तभित्र स्थानीय तहको सिफारिस सहित निवेदन | सरकारी/ तोकिएको दररेट अनुसार | " " | " " | " " | " " |
| ४. | प्रशोधित वस्तु (स्याउ/खुर्पानी जाम, स्याउ सुकुटी, ब्राण्डी, वाइन, साइडर | फलफूल प्रशोधनशालाबाट प्राप्त परिमाण अनुसार नगदी रसिद काट्ने | आवश्यक छैन | " " | " " | " " | " " | " " |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आदि) बिक्री–वितरण | | | | | | | |
| ५. | फलफूल बगैंचा, नर्सरी स्थापना तथा व्यवस्थापन, तरकारी खेती, फलफूल प्रशोधन सम्बन्धी प्राविधिक परामर्श, पुस्तिका तथा प्रगति प्रतिवेदन वितरण | मौखिक वा लिखित निवेदन दिने तथा आवश्यक परे भरपाई फाराम भर्ने | व्यक्ति वा संस्थाको निवेदन/पत्र | नि:शुल्क | कार्यालय समयभित्र तथा स्वीकृत कार्यक्रम अनुसार | बागवानी विकास अधिकृतहरु<br>बाली संरक्षण अधिकृत/प्राविधिक तथा योजना शाखा | प्राविधिक सहायकहरु/प्राविधिक शाखा | " " |
| ६. | तन्तु प्रजनन् सम्बन्धी प्राविधिक परामर्श | मौखिक वा लिखित निवेदन दिने | " " | " " | कार्यालय समय भित्र | जैविक प्रविधि अधिकृत/प्राविधिक शाखा | जैविक प्रविधि सहायक/प्राविधिक शाखा | " " |
| ७. | प्रशासनिक सूचना तथा सेवा प्रवाह सम्बन्धी जानकारी | " " | आवश्यक छैन | " " | " " | | प्रशासन शाखा | " " |
| ८. | शीतोष्ण फलफूल तथा तरकारी विकास सम्बन्धी विभिन्न निकाय र कृषकसँग समन्वय तथा सहकार्य | " " | निवेदन, दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा आवश्यक अन्य कागजात | " " | " " | बागवानी विकास अधिकृतहरु/ बाली संरक्षण अधिकृत/प्राविधिक तथा योजना शाखा | प्राविधिक सहायकहरु/प्राविधिक शाखा | " " |

<u>सुचना अधिकारी र प्रमुखको नाम र पद</u>

- **सुचना अधिकारी : नविन भुसाल, बागवानी विकास अधिकृत**
- **कार्यलय प्रमुख : प्रकाश पन्थ, बरिष्ठ बागवानी विकास अधिकृत**

**आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण**

| खर्च समूह | विनियोजन/खर्च | रकम (रू. हजारमा)/प्रतिशत | | |
|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | द्वितिय त्रैमासिक | तृतिय त्रैमासिक |
| पूँजीगत | विनियोजन | १००६१.०० | ६४५३.०० | ५० |
| | खर्च | ४९१.०० | ४४२४.०० | ८५० |
| | प्रतिशत | ४.८८ | ६८.५५ | १७०० |
| चालु | विनियोजन | ८०९१.०० | ७५२५.०० | ८२८६ |
| | खर्च | ५५१४.०० | ३७२१.०० | ७६७७ |
| | प्रतिशत | ६८.१५ | ४९.४४ | ९२.६५ |
| जम्मा | विनियोजन | १८१५२.०० | १३९७८.०० | ८३३६ |
| | खर्च | ६००५.०० | ८१५४.०० | ८५२७ |
| | प्रतिशत | ३३.१ | ५८.३३ | १०२.२९ |

**आम्दानी**

| क्र.सं. | महिना | राजश्व |
|---|---|---|
| १. | श्रावण | ३,४१,८३१.७५ |
| २. | भाद्र | ४,२१,१७३.०० |
| ३. | आश्विन | २२,३१,०२६.७५ |
| प्रथम त्रैमासिक २०८२ को जम्मा | | २९,९४,०३१.५० |
| ४ | कार्तिक | ५,४५,६३०.५० |
| ५ | मंसिर | ६,३५,५५१.५० |
| ६ | पुस | ८,१५,७३६ |
| द्वत्तिय त्रैमासिक २०८२ को जम्मा | | १९,९६,९१८ |
| द्वत्तिय त्रैमासिक सम्मको जम्मा | | ४९,९०,९४९.५० |

| | | |
|---|---|---|
| ७. | माघ | ६,००,५३० |
| ८. | फागुन | ३,०८,४६०.२५ |
| ९. | चैत | ५,२१,३०४.८० |
| तृतिय त्रैमासिकको राजस्व | | १४,३०२९५.०५ |
| तृतिय त्रैमासिक सम्मको जम्मा | | ६०,१९,८४६.७० |

**हाल सम्म सम्पन्न भएका कार्यक्रमहरुको विवरण :**

१. ५३६ के. जी. तरकारी वीउ उत्पादन भई ४४८.३८ के. जी. बिक्री भएको र ८७.६२ के. जी. मौज्दात रहेको छ ।

२. ४५०० के. जी. आलुको बेसीक बीउ उत्पादन भई सवै ३९०० के.जी बिक्री वितरण भएको र ६०० के.जी. केन्द्रको जग्गामा लगाउन राखिएको मध्ये लगाउने कार्य सम्पन्न।

३. उच्च घनत्व स्याउ,कलमी र बिजु गरी २१,०६७ वटा शीतोष्ण फलफूल बिरूवाको बेर्ना उत्पादन गरी १२,१९२ बेर्ना बिक्रि वितरण गरिएको र बिक्रि वितरण कार्य भइरहेको।

४. फलफूल प्रशोधनशाला संचालन गरि (ब्राण्डी, साईडर, वाईन उत्पादन तथा बिक्री) २१८८ लि. विक्रि वितरण गरिएको ।

५. ताजा फलफूल उत्पादन १४९९० के.जी. उत्पादन गरि विक्रि वितरण गरिएको ।

६. ५८.९६ के.जी स्याउ सुकुटी र २५१.५२ के.जी. स्याउको जाम बनाइ बिक्रि वितरण गरिएको।

७. केन्द्रमा फार्म दिवस मनाउने तथा उत्कृष्ट कर्मचारी र कृषकलाई पुरष्कृत गर्ने कार्यक्रम सम्पन्न गरिएको।

८. कृषि पर्यटन प्रवर्द्धनको लागि स्याउ टिप्ने खाने १ हसे मेला उत्सव (असोज १ देखि ७) सम्म सम्पन्न गरिएको।

९. नर्सरीधनिहरुलाई विरुवा प्रशारण र नर्सरी व्यवस्थापन सम्बन्धि तालिम सम्म सम्पन्न गरिएको।

१०. शीतोष्ण फलफूलका व्यवसायिक किसान/उद्यमीहरुलाई कृषि समाग्री सहयोग सहितको दुवै कार्यक्रम सम्पन्न सम्पन्न गरिएको।

११. स्थानिय निकायहरुको समन्वय एवं सहकार्यमा शीतोष्ण फलफूलहरुमा तालिम तथा काँटछाँट अभियान (Training and pruning campaign) कार्यक्रम सम्म सम्पन्न गरिएको।

१२.स्थानिय तह, प्रदेश तथा संघमा कार्यरत कर्मचारिहरुलाई ओखर खेति सम्वन्धि तालिम सम्पन्न गरिएको।

१३.सम्भावित जिल्लाहरुमा Outreach अन्तर्गत नमुना Demonstration farm स्थापना गर्ने कार्यक्रम अन्तर्गत डोल्पा र बाग्लुङ जिल्लामा स्याउ, पर्वत र म्याग्दी जिल्लामा ओखरको नमुना farm स्थापना गरिएको।

१४. स्थानिय निकायहरुको समन्वय एवं सहकार्यमा शीतोष्ण फलफूलहरुमा तालिम तथा काँटछाँट अभियान सम्पन न गरिएको।